# २०८१ साउन २८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1. | अर्थ मन्त्रालय | एसियाली विकास बैंकबाट सिँचाइसम्बन्धी परियोजनाको लागि उपलब्ध हुने अमेरिकी डलर ११० मिलियन (करिब रु. १४ अर्ब ६३ करोड) सहुलियतपूर्ण ऋण र १५ मिलियन अमेरिकी डलर (करिब रु. १ अर्ब ९९ करोड) अनुदान स्वीकार गर्ने सम्बन्धमा नेपाल सरकारको तर्फबाट वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ताटोली गठन गर्ने। |
| 2. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको रिक्त महाप्रबन्धक पदमा श्री रमेश आचार्य, धादिङलाई नियुक्त गर्ने। |
| 3. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको रिक्त महाप्रबन्धक पदमा श्री प्रकाशप्रसाद पोखरेल, इलामलाई नियुक्त गर्ने। |
| 4. | गृह मन्त्रालय | भुटानमा मिति २०८१ साउन २९ देखि ३२ सम्म हुने Forum of the Election Management Bodies of South Asia – FEMBOSA) को बाह्रौं सम्मेलनका सन्दर्भमा सहभागी हुन माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाको भ्रमण स्वीकृत गर्ने। |
| 5. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूउपयोग ऐन, २०७६ को दफा १४ को उपदफा (१) को खण्ड (ञ) बमोजिम सङ्घीय भूउपयोग परिषद्को सदस्यमा डा. रेवतीरमण पौडेल, चितवन; डा. यमुना घले, चितवन; डा. रेश्मा श्रेष्ठ, काठमाडौं र श्री जगतबहादुर देउजालाई मनोनयन गर्ने। |
| 6. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारका नाममा दर्ता रहेको सिरहा जिल्ला नवराजपुर गाउँपालिका वडा नं. ४ को ०-१९-० विघा जग्गा इलाका प्रहरी कार्यालय, झाँझपट्टी, सिरहालाई प्रयोग गर्न स्वीकृति दिने। |
| 7. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपालको नागरिक उड्डयन क्षेत्रको समग्र सुधार तथा गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसम्बन्धी कार्ययोजना स्वीकृत गर्ने। |
| 8. | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवहरू श्री इन्दुविक्रम जोशी र श्री कोमलप्रसाद धमलाले दिनुभएको राजीनामा स्वीकृत गर्ने। | |